# चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ५** **संख्याः २१** **मितिः फागुन १२ गते, २०७९**


## भाग–१

## चन्द्रागिरि नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरि नगरपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

## सम्वत् २०७९ सालको ऐन नं. ४

## चन्द्रागिरि नगरपालिका

## खेलकुद विकास गर्ने सम्बन्धमा बनेको ऐन, २०७९

**प्रस्तावनाः**

चन्द्रागिरि नगरपालिकामा खेलकुद र खेल संस्कृतिको विकास, खेलकुद पूर्वाधार निर्माण, खेलाडीको व्यवसायिक सुरक्षा, नगरपालिका, प्रदेश, राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतियोगितामा सहभागिता, नगरवासीको स्वस्थ जीवन तथा नगरपालिकाभित्र खेलकुद क्षेत्रको समग्र विकास गर्न वाञ्छनीय देखिकोले संघीय गणतन्त्र नेपालको संविधानको धारा २२१, अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरि नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम चन्द्रागिरि नगरपालिका खेलकुद विकास ऐन, २०७९ रहेको छ । (२) यो ऐन चन्द्रागिरि नगरपालिकाको राजपत्रमा प्रकाशित भए पश्चात प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"अध्यक्ष"** भन्नाले दफा ३ बमोजिम गठित नगरपालिका खेलकुद विकास समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(ख) **"खेलकुदसम्बन्धी संस्था"** भन्नाले दफा १३ बमोजिम समितिमा दर्ता भएको संस्था सम्झनु पर्दछ ।

(ग) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तरगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(घ) **"परिषद्"** भन्नाले दफा ३ बमोजिम गठन भएको राष्ट्रिय खेलकुद परिषद् सम्झनु पर्दछ ।

(ङ) **"मन्त्रालय"** भन्नाले सम्बन्धित संघीय युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्दछ ।

(च) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्दछ ।

(छ) **"नगरपालिका"** भन्नाले चन्द्रागिरि नगरपालिका सम्झनु पर्दछ ।

(ज) **"समिति"** भन्नाले दफा ३ बमोजिम गठन भएको चन्द्रागिरि नगर खेलकुद विकास समिति सम्झनु पर्दछ ।

(झ) **"सदस्य"** भन्नाले दफा ३ बमोजिमको समितिको सदस्य सम्झनु पर्दछ ।

(ञ) **"सदस्य-सचिव"** भन्नाले समितिको सदस्य-सचिव सम्झनुपर्दछ ।

## परिच्छेद- २

## खेलकुद विकास समितिसम्बन्धी व्यवस्था

**३. समिति गठनः** (१) नगरपालिकामा खेलकुदको विकास गर्न खेलकुदसम्बन्धी नीति, योजना, कार्यक्रम, कार्यान्वयन, अनुगमन तथा नियमनका लागि चन्द्रागिरि नगरपालिका खेलकुद विकास समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहायका सदस्य रहनेछन्ः

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | अध्यक्ष |
| (ख) | नगर उपप्रमुख | सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) | नगर प्रवक्ता | सदस्य |
| (ङ) | सामाजिक विकास समितिका संयोजक | सदस्य |
| (च) | पूर्वाधार विकास समितिका संयोजक | सदस्य |
| (छ) | सामाजिक विकास समितिमा खेलकुद उपक्षेत्र हेर्ने सदस्य | सदस्य |
| (ज) | कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य मध्येबाट एकजना महिला सहित दुइ जना सदस्य | सदस्य |
| (झ) | नगरपालिकामा बसोबास गर्ने खेलकुदको क्षेत्रमा ख्याती प्राप्त खेलाडी वा रेफ्री वा प्रशिक्षक वा व्यवस्थापकहरुमध्ये एकजना महिलासहित कार्यपालिकाले मनोनित गरेका दुई जना | सदस्य |
| (ञ) | खेलकुदको क्षेत्रमा अध्ययन, अनुसन्धान तथा नवप्रवर्तनात्मक कार्य गरेका खेलकुद विज्ञमध्येबाट समितिले मनोनित गरेका एक जना | सदस्य |

(ट) नगरपालिकास्तरमा क्रियाशिल रहेका खेलकुदसम्बन्धी संघ संस्थाका अध्यक्षमध्येबाट कार्यपालिकाले मनोनित गरेका कम्तिमा दुई जना महिलासहित चार जना — सदस्य

(ठ) प्रमुख, सामाजिक विकास शाखा — सदस्य

(ड) प्रमुख, स्वास्थ्य शाखा — सदस्य

(ढ) प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा — सदस्य-सचिव

(३) समितिले बैठकमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका नगरपालिकाभित्रका प्रमुखलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) सदस्य मनोनित गर्दा समावेशी प्रतिनिधित्व हुने गरी मनोनित गर्नु पर्नेछ ।

(५) समितिको सचिवालयको कार्य शिक्षा, युवा तथा खेलकुद शाखाले गर्नेछ ।

**४. पदावधिः** (१) दफा ३ बमोजिम गठित समितिको मनोनित सदस्यहरुको पदावधी तीन वर्षको हुनेछ ।

(२) दफा ३ को उपदफा (२)बमोजिमका मनोनित कुनै सदस्यको पद रिक्त भए सोही बमोजिम पदपूर्ति गरिनेछ ।

(३) दफा ३ को उपदफा (२) बमोजिम मनोनित सदस्यले आफ्नो कर्तव्य पालना गरेको छैन भन्ने लागेमा समितिले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

**५. सदस्यको योग्यताः** देहायको कुनै व्यक्ति सदस्यमा मनोनीत हुन वा बहाल रहन सक्नेछः

(क) नगरपालिकाभित्र स्थायी बसोबास गर्ने नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ग) १६ वर्ष पूरा भएको,

(घ) आधारभूत तहको शिक्षा उत्तीर्ण गरेको ।

**६. सदस्यता समाप्त हुने अवस्थाः** देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः

(क) दफा ५ बमोजिम सदस्यमा बहाल रहन अयोग्य ठहरिएमा,

(ख) राजीनामा गरेमा,

(ग) मृत्यृ भएमा,

(घ) सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा,

(ङ) दफा ४ को उपदफा (३) बमोजिम पदबाट हटाइएमा ।

तर त्यसरी हटाउनु पर्दा सम्बन्धित सदस्यलाई सफाइको मौकाबाट बञ्चित गरिने छैन ।

**७. समितिको बैठक र निर्णयः** (१) अध्यक्षको निर्देशन अनुसार सदस्यसचिवले बैठकको विषयवस्तु, मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनु पर्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा नगर उपप्रमुखले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक वर्षको कम्तीमा तिन पटक र आवश्यकता अनुसार बस्नेछ ।

(५) एक तिहाइ सदस्यले कारण र औचित्यसहित बैठक बोलाउन अध्यक्षसमक्ष लिखित अनुरोध गरेमा अध्यक्षले यथाशीघ्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(७) अध्यक्ष तथा सदस्य-सचिवले बैठकको निर्णय प्रमाणित गर्नुपर्नेछ ।

(८) बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

**८. समितिको काम, कर्तव्य र अधिकारः** दफा ३ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) नगर खेलकुदसम्बन्धी नीति, योजना, नियमन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ख) विभिन्न खेलकुद प्रतियोगिता आयोजना र सहभागिता गर्ने,

(ग) खेलकुदको विकास तथा प्रवर्द्धन गर्न अनुसन्धान, अध्ययन, तालिम लगायतका कार्य गर्ने गराउने,

(घ) स्थानीयस्तरका खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास गर्ने,

(ङ) स्थानीयस्तरका खेलकुद प्रशासन तथा संघ संस्थाको नियमन र समन्वय गर्ने,

(च) खेलकुदसम्बन्धी पूर्वाधारको विकास गर्ने,

(छ) खेलकुदको विकास र प्रबर्द्धन गर्ने,

(ज) शिक्षण संस्था तथा प्रतिस्ठानमा खेलकुद प्रशिक्षण लगायतका कार्य गर्ने,

(झ) खेलाडीलाई प्रोत्साहन र सम्मान गर्ने,

(ञ) खेलकुद विकासका लागि गोष्ठी, सेमिनार आयोजना गर्ने,

(ट) परम्परागत खेलकुदको संरक्षण र प्रवर्द्धन गर्ने,

(ठ) खेलकुदसम्बन्धी दर्ता भएका संघ संस्थालाई आर्थिक तथा प्राविधिक सहयोग गर्ने,

(ड) नगरपालिकाभित्रको खेलकुद विकाससम्बन्धी सबै कार्य गर्ने।

## परिच्छेद- ३
## खेलकुदसँग सम्बन्धित संघ संस्थासम्बन्धी व्यवस्था

**९. खेलकुद सम्बन्धी सङ्घ संस्थाको दर्ताः** (१) खेलकुदसम्बन्धी क्रियाकलाप आयोजना गर्न क्लब, सङ्घ वा संस्थाको दर्ता खेलकुद विकास समितिमा हुनेछ ।

(२) यस अघि अन्य निकायमा दर्ता भई अद्यावधिक रहेका खेलकुद सम्बन्धी संस्था यस ऐन बमोजिम दर्ता हुनु पर्नेछ ।

(३) संघ संस्था दर्ता गर्दा नाम दोहोरिन गएमा पहिलोलाइ मान्यता दिनेछ ।

**१०. दर्ताका लागि निवेदन दिनुपर्नेः** (१) दफा ९ बमोजिम नाम दर्ता गराउन चाहने खेलकुदसम्बन्धी संस्थाले देहायका कुरा खुलाई समितिमा नाम दर्ताको लागि निवेदन दिनुपर्नेछः

(क) संस्थाको नाम र ठेगाना,

(ख) सञ्चालन गरिने खेलकुद,

(ग) कार्यकारिणी समितिका सदस्यको नाम र ठेगाना

(घ) विधानको प्रमाणित प्रतिलिपि

(ङ) सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**११. नाम दर्ता गर्न सक्नेः** (१) दफा १० बमोजिम नाम दर्ता गराउनका लागि दरखास्त परेमा समितिले एक्काइस दिनभित्र आवश्यक जाँचबुझ गरी त्यस्तो संस्थाको नाम दर्ता गर्न सक्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम नाम दर्ता भएमा दर्ता गरिएको सूचना र नाम दर्ता गर्न नसकिने भएमा सोको सूचना सम्बन्धित संस्थालाई दिनुपर्नेछ ।

**१२. विधान संशोधनको सूचनाः** (१) यो ऐन बमोजिम समितिमा नाम दर्ता भएको खेलकुद सम्बन्धी संस्थाले दफा १० बमोजिम नाम दर्ताका लागि दिएको निवेदनमा उल्लेख भएको व्यहोरा वा निवेदनसाथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नुपर्नाको कारणसहितको सूचना एक्काइस दिनभित्र समितिमा दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि हेरफेर गर्नुपर्नाको कारण उचित देखेमा समितिले हेरफेरको व्यहोरा अद्यावधिक गर्नुपर्नेछ ।

**१३. नवीकरणसम्बन्धी व्यवस्थाः** खेलकुदसम्बन्धी दर्ता भएका संघ संस्थाले प्रत्येक आर्थिक वर्षको तीन महिनाभित्र संस्था नवीकरण गर्नुपर्नेछ ।

**१४. हिसाबको बहिखाता राख्नुपर्नेः** (१) खेलकुदसम्बन्धी संस्थाले आफ्नो आम्दानी खर्च हिसाबको बहिखाता तोकिएको ढाँचामा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकुदसम्बन्धी संस्थाले राखेको बहिखाताको जाँचबुझ समितिले जुनसुकै बखत गर्न गराउन सक्नेछ ।

(३) समितिले उपदफा (२) बमोजिम खेलकुदसम्बन्धी संस्थाको बहिखाताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असुल उपर गर्न गराउन आवश्यक कारबाही चलाउनेछ ।

**१५. निर्देशन दिने:** (१) समितिले खेलकुदसम्बन्धी संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुदसम्बन्धी संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालना नगर्ने खेलकुदसम्बन्धी संस्था वा दफा १३ बमोजिमको तोकिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको बहिखाता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुदसम्बन्धी संस्थाको नाम समितिले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले आफ्नो लगतबाट कुनै खेलकुदसम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद संस्थालाई दिनु पर्नेछ ।

**१६. स्वीकृति लिनु पर्ने:** खेलकुदसम्बन्धी संस्थाले अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता वा अन्तर्राष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा नगरपालिकामा हुने खेलकुद प्रतियोगिता, अन्तर्राष्ट्रियस्तरको सभा वा सम्मेलनमा अन्य देशको खेलाडी वा अधिकारीलाई आमन्त्रण गर्दा प्रचलित कानूनबमोजिम स्वीकृति लिनु पर्नेछ ।

## परिच्छेद- ४

## समितिको कोषसम्बन्धी व्यवस्था

**१७. समितिको कोष:** (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायको रकम रहनेछः

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त रकम,

(ख) खेलकुद पूर्वाधार उपयोग गर्न दिए बापतको शुल्क,

(ग) खेलकुदसम्बन्धी प्रशिक्षण प्रदान गरेबापतको शुल्क,

(घ) खेलकुद प्रदर्शन गरी आर्जन भएको रकम,

(ङ) कुनै व्यक्ति वा संस्थाले सहायता वापत प्रदान गरेको रकम,

(च) नेपाल सरकारको अनुमतिमा अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,

(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) समितिको नामबाट गरिने सबै खर्च यस कोषबाट व्यहोरिनेछ ।

(३) समितिको कोषमा रहने रकम 'क' वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) समितिको खाता सञ्चालन नगरपालिकाको आर्थिक प्रशासन शाखाको प्रमुख र शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा नीजहरुले तोकेको सम्बन्धित शाखाका कर्मचारीबाट हुनेछ ।

१८. **लेखा र लेखापरीक्षणः** (१) समितिको आय व्ययको लेखा प्रचलित कानूनबमोजिम नगरपालिकाको आर्थिक प्रशासन शाखामा राखिनेछ ।

(२) समितिको आन्तरिक लेखापरीक्षण र बाह्य लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखापरीक्षक र बाह्य लेखापरीक्षकबाटै हुनेछ ।

(३) नगरपालिकाले समितिको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात, नगदी जिन्सीसमेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

## परिच्छेद- ५
## विविध

१९. **सम्झौता गर्दा नेपाल सरकारको स्वीकृति लिनुपर्नेः** समितिले आफ्नो कार्य सञ्चालनको सिलसिलामा विदेशी सरकार वा अन्तर्राष्ट्रिय साझेदार वा विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

२०. **सदस्यको भत्ताः** (१) सदस्यले समितिको बैठकमा भाग लिए बापत तोकिएबमोजिमको बैठक भत्ता पाउनेछ ।

(२) सदस्यले काम विशेषले भ्रमण गर्नु परेमा नियमानुसार भ्रमण तथा दैनिक भत्ता पाउनेछ ।

२१. **अधिकार प्रत्यायोजनः** समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार अध्यक्ष, सदस्यसचिव, सदस्य वा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२. **नगर कार्यपालिकाले निर्देशन दिन सक्नेः** (१) नगर कार्यपालिकाले खेलकुदको विकास गर्नको लागि समितिलाई आवश्यक सुझाव दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगर कार्यपालिकाले दिएको सुझाव पालन गर्नु समितिको कर्तव्य हुनेछ ।

२३. **खेलाडीको व्यवसायिक सुरक्षाः** तोकिएबमोजिमको वर्गीकरणको आधारमा खेलाडीको पारिश्रमिक, भत्ता वा अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

२४. **सजाय र कारवाहीः** (१) समितिले देहायबमोजिमको कसूरमा देहायबमोजिम सजाय गर्नेछः

(क) समितिले दिएको निर्देशन पालना नगर्ने खेलकुद सम्बन्धी संस्थालाई पहिलो पटक चेतावनी दोस्रो पटक चेतावनीसहित पच्चीस हजार रुपैयाँ जरिवाना र सोही कसूर तेहराएमा उक्त संस्था खारेजी,

(ख) कुनै खेलाडी वा खेलाडीको समूह वा प्रशिक्षक वा व्यवस्थापक वा रेफ्रीले खेलको प्रतिस्पर्धाबाट आउने स्वाभाविक परिणामलाई प्रतिकूल हुने गरी मिलेमतोमा वा प्रलोभनमा परी खेल खेले वा खेलाएमा,

(१) नगरस्तरको खेलकुद प्रतियोगिताको हकमा पच्चीस हजार रुपैयाँ जरिवाना र एक वर्षसम्म सोहीस्तरको खेलबाट प्रतिबन्ध ।

(२) प्रदेश तथा राष्ट्रियस्तरको खेलकुद प्रतियोगिताको हकमा पचास हजार रुपैयाँ जरिवाना र दुई वर्षसम्म सोहीस्तरको खेलबाट प्रतिबन्ध ।

(३) अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगिताको हकमा एक लाख रुपैयाँ जरिवाना र तीन वर्षसम्म सोहीस्तरको खेलबाट प्रतिबन्ध ।

(२)  उपदफा (१) बमोजिम समितिले गरेको सजाय उपर चित्त नबुझेमा पैंतिस दिनभित्र नगर कार्यपालिकामा पुनरावेदन गर्न सकिनेछ ।

**२५. नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य पूर्तिका लागि नगर कार्यपालिकाले आवश्यक नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ ।

**२६. यस ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिए जति कुरामा यस ऐन बमोजिम र अन्यमा प्रचलित कानूनबमोजिम हुनेछ ।यस ऐनमा रहेका प्रावधान संघीय तथा प्रदेश ऐनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

प्रमाणिकरण: २०७९ फागुन १२ गते

मूल्य रू.

आज्ञाले

घनश्याम गिरी

नगर प्रमुख